त्रि.वि. द्वारा सम्बन्धन प्राप्त
(Affiliated with Tribhuvan University)
# जनज्योति बहुमुखी क्याम्पस
# JANAJYOTI MULTIPLE CAMPUS
Accredited by University Grants Commission (UGC), Nepal, (2022)
लालबन्दी, सर्लाही (Lalbandi, Sarlahi)
स्था. (Estd.) : २०५७ (2000)
☎+977 046-501436, 046-501550, 9854043333

चलानी नं. *(Ref.No.)* :

मिति *(Date)* : २०८३/०१/११

लघुअनुसन्धान प्रस्ताव आह्वानसम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा यस क्याम्पसमा अनुसन्धानको गुणस्तर वृद्धिका लागि अनुसन्धान व्यवस्थापन एकाइ (RMC) अन्तर्गत आ.व. २०८३/०८४ मा शिक्षा, व्यवस्थापन र मानविकी विषय क्षेत्रभित्र रहेर लघुअनुसन्धान गराइने व्यहोरा जानकारी गराइन्छ । यसै सन्दर्भमा यस क्याम्पसका स्थायी र पूर्णकालीन प्राध्यापकहरूलाई आफ्ना विशिष्ट रुचिगत क्षेत्र तथा क्याम्पसको शिक्षण अनुसन्धानमा सहयोग पुर्‍याउन सक्ने किसिमका लघुअनुसन्धान कार्यका लागि प्रचलित अनुसन्धानका मापदण्डअनुसार मिति २०८३ जेठ १५ गते शुक्रबार बिहान ११ बजेभित्र इमेलमार्फत (rmc.jjmc@gmail.com/jmc.lalbandi@gmail.com) आफ्नो अनुसन्धान प्रस्ताव बुझाउनका लागि आह्वान गरिन्छ । साथै तोकिएको समयसीमाभित्र प्राप्त नभएका प्रस्तावहरूलाई स्वीकृत गरिनेछैन । प्राप्त प्रस्तावहरूलाई अनुसन्धान व्यवस्थापन एकाइको मापदण्डबमोजिम मूल्याङ्कन समितिले स्वीकृत गरेपश्चात् प्रस्तावक/प्रस्तावक समूहले तोकिएको समयसीमाभित्र पूरा गर्ने गरी थप अध्ययनलाई अगाडि बढाउनुपर्नेछ । यस लघुअनुसन्धान कार्यमा क्याम्पसले निर्धारण गरेका सर्तहरू लागु हुनेछन् ।

तपसिल

- यस क्याम्पसको शैक्षिक, प्राज्ञिक तथा सामाजिक क्षेत्रको विकासमा आधारित प्रस्तावलाई प्राथमिकतामा राखिनेछ ।
- विशेषतः लालबन्दी नगरपालिका तथा सर्लाही जिल्लासँग सरोकार राख्ने विषय क्षेत्र र क्याम्पसबिचको सम्बन्ध राख्ने विषयलाई ग्राह्यता दिइनेछ ।
- यस एकाइले निर्धारण गरेको लघुअनुसन्धान मापदण्डबमोजिम word र PDF दुवै फाइलमा इमेल गर्नुपर्नेछ ।
- नेपाली भाषामा भए देवनागरी लिपिको प्रितीमा १६ फन्ड (यदि युनिकोडमा भए १२) तथा अङ्ग्रेजी भाषामा भए Times and New Roman को १२ फन्डमा प्रस्ताव तथा प्रतिवेदन पेस गर्नुपर्नेछ ।
- आवेदक व्यक्ति तथा समूहले शोधप्रस्तावका साथमा निवेदन, व्यक्तिवृत्त (Bio-Data) र एआईको सहयोग लिएको भए उक्त आधारसमेत खुलाएर पेस गर्नुपर्नेछ ।

रमेश भट्टराई
संयोजक
अनुसन्धान व्यवस्थापन एकाइ

Co-ordinator
RMC

# लघुअनुसन्धान लेखन ढाँचा २०८३

१. लघुअनुसन्धान प्रस्तावको ढाँचा (**Format for Mini-Research Proposal**)

लघुअनुसन्धान प्रस्तावमा देहायका तत्त्वहरू क्रमिक रूपमा हुनुपर्दछ:

कभर पृष्ठ (**Cover Page**): यसमा अनुसन्धानको शीर्षक, अनुसन्धानकर्ताको विवरण र संस्थाको नाम स्पष्ट हुनुपर्छ।

विषयसूची (**Table of Contents**)

अध्ययनको परिचय (**Introduction of study**):

- अध्ययनको पृष्ठभूमि (**Background of the Study**): विषयवस्तुको सामान्य जानकारी र यसको वर्तमान अवस्थाको वर्णन।
- समस्याको कथन (**Statement of the Problem**): अनुसन्धानले उत्तर खोज्न चाहेको मुख्य समस्या वा रिक्तताको पहिचान।
- अध्ययनका उद्देश्यहरू (**Objectives of the Study**): अनुसन्धानबाट प्राप्त गर्न खोजिएका लक्ष्यहरूलाई किटान गरिएको ।
- अध्ययनको औचित्य (**Rationale/Justification**): यो अनुसन्धान किन आवश्यक छ र यसले कसलाई फाइदा पुऱ्याउँछ भन्ने कुरा खुलेको ।
- अनुसन्धान प्रश्न वा परिकल्पना (**Research Questions or Hypothesis**): अध्ययनले समाधान गर्न खोजेका प्रश्नहरू समावेश भएको।
- अध्ययनको सीमाङ्कन (**Delimitations of the Study**): अध्ययनले समेट्ने र नसमेट्ने क्षेत्रको स्पष्ट सीमालाई निर्क्योल भएको ।

सम्बन्धित साहित्यको पुनरावलोकन (**Review of Related Literature**):

- सैद्धान्तिक पुनरावलोकन (**Theoretical Review**): विषयसँग सम्बन्धित सिद्धान्तहरूको चर्चा।
- अनुभवजन्य पुनरावलोकन (**Empirical Review**): यसअघि भएका समान अध्ययनहरूको विश्लेषण।
- वैचारिक खाका (**Conceptual Framework**): अध्ययनका चरहरूबिचको सम्बन्ध देखाउने रेखाचित्र/घेराचित्र।

अनुसन्धान विधि (**Research Methodology**):

- अनुसन्धानको ढाँचा (**Research Design**): अध्ययनको स्वरूप (जस्तैः गुणात्मक, परिमाणात्मक वा मिश्रित)।
- जनसङ्ख्या र नमुना (**Population and Sample**): कसमाथि र कति सङ्ख्यामा नमुना छनोट गरिने।
- तथ्याङ्क सङ्कलनका उपकरणहरू (**Data Collection Tools**): प्रश्नावली, अन्तर्वार्ता वा अवलोकन आदि।

Janajyoti Multiple Campus RMC Lalbandi, Sarlahi

- तथ्याङ्क विश्लेषण प्रक्रिया (**Data Analysis Procedure**): तथ्याङ्कलाई कसरी प्रशोधन र विश्लेषण गरिन्छ ।
- कार्ययोजना र बजेट (**Work Plan and Budget**): अनुसन्धान सम्पन्न गर्न लाग्ने समय तालिका र अनुमानित खर्च ।
- सन्दर्भ सामग्री (**References**): एपीए ७ औँ संस्करण (APA 7th Edition) मा आधारित सन्दर्भ सामग्री सूची ।

---

२. लघुअनुसन्धान प्रतिवेदन लेखनको ढाँचा (**Format for Mini-Research Report Writing**)

अनुसन्धान सम्पन्न भएपछि तयार पारिने अन्तिम प्रतिवेदनमा देहायका अध्याय र खण्डहरू हुनुपर्दछः

क. प्रारम्भिक खण्ड (**Preliminary Section**):

- मुखपृष्ठ (**Title Page**)
- प्रतिबद्धता पत्र (**Commitment Letter**)
- सिफारिस पत्र (**Recommendation Letter**)
- स्वीकृति पत्र (**Approval Letter**)
- कृतज्ञताज्ञापन (**Acknowledgements**)
- शोधसार (**Abstract/Executive Summary**) (नेपाली र अङ्ग्रेजी दुवै भाषामा)
- विषयसूची (**Table of Contents**)
- तालिका र चित्रहरूको सूची (**List of Tables and Figures**)
- सङ्क्षिप्त शब्दहरूको सूची (**List of Acronyms/Abbreviations**)

ख. मुख्य खण्ड (**Main Body/Chapters**):

- अध्याय १: परिचय (**Chapter 1: Introduction**): पृष्ठभूमि, समस्याको कथन, उद्देश्य, औचित्य र सीमाहरू ।
- अध्याय २: सम्बन्धित साहित्यको पुनरावलोकन (**Chapter 2: Literature Review**): सिद्धान्त र पूर्व अध्ययनहरूको समीक्षा ।
- अध्याय ३: अनुसन्धान विधि (**Chapter 3: Materials and Methods**): प्रयोग गरिएको विधि र प्रक्रियाको विस्तृत विवरण ।
- अध्याय ४: तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण (**Chapter 4: Results and Discussion**): प्राप्त तथ्याङ्कलाई तालिका वा चित्रसहित तथ्यपरक विश्लेषण गर्ने ।
- अध्याय ५: निष्कर्ष र सुझावहरू (**Chapter 5: Conclusions and Recommendations**): अनुसन्धानको मुख्य सार र आगामी सुधारका लागि सुझाव ।

ग. पूरक खण्ड (**Supplementary Section**):

- सन्दर्भ सूची (**References/Bibliography**): अध्ययनमा प्रयोग गरिएका सबै स्रोतहरूको सूची ।

- अनुसूची (**Appendices**): प्रश्नावली, फोटाहरू वा अन्य सहायक कागजातहरू ।

---

३. मूल्याङ्कन प्रक्रिया (**Evaluation Process**): लघुअनुसन्धानको मूल्याङ्कन सामान्यतया दुई चरणमा गरिनेछ :

(क) प्रथम चरण: प्रस्तावको मूल्याङ्कन (**Evaluation of Proposal**):

- प्राविधिक परीक्षण (**Technical Review**): विज्ञहरूद्वारा अनुसन्धानको शीर्षक, समस्याको पहिचान र विधिको सान्दर्भिकता जाँच गरिन्छ ।
- प्रस्तुतीकरण (**Oral Presentation**): अनुसन्धानकर्ताले छनोट समितिको अगाडि आफ्नो प्रस्तावको मौखिक प्रस्तुतीकरण गर्नुपर्नेछ ।

(ख) दोस्रो चरण: प्रतिवेदनको मूल्याङ्कन (**Evaluation of Final Report**):

- विज्ञ मूल्याङ्कन (**Expert Review**): अनुसन्धान सम्पन्न भएपछि विज्ञ (External Evaluator) कहाँ पठाइनेछ ।
- साहित्यिक चोरी जाँच (**Plagiarism Check**): प्रतिवेदन मौलिक छ/छैन भनी सफ्टवेयरका साथै विज्ञमार्फत जाँच गरिनेछ । यसमा २० प्रतिशतभन्दा कम समानता (Similarity Index) हुनुपर्नेछ ।
- अन्तिम प्रस्तुतीकरण (**Final Viva/Presentation**): सुझावहरू समावेश गरी परिमार्जन गरिएको प्रतिवेदनको अन्तिम प्रस्तुतीकरणपछि मात्र सफल भएको भनी घोषित गरिनेछ ।

---

४. मूल्याङ्कनको अङ्कन प्रक्रिया (**Scoring Process for Evaluation**)

लघुअनुसन्धान (Mini Research) को मूल्याङ्कन सामान्यतया १०० पूर्णाङ्कमा गरिनेछ । यसलाई दुई प्रमुख भागमा विभाजन गरिएको छ:

क) प्रस्तावको मूल्याङ्कन (**Evaluation of Proposal**)

यसलाई ४०% सम्ममा विज्ञहरूद्वारा देहायका आधारमा अङ्क प्रदान गरिनेछः

- शीर्षक र विषयको सान्दर्भिकता: ५ अङ्क
- समस्याको पहिचान र उद्देश्यहरू: १० अङ्क
- साहित्यको पुनरावलोकन (Literature Review): ५ अङ्क
- अनुसन्धान विधि (Methodology): १० अङ्क
- प्रस्तुतीकरण र प्रतिरक्षा (Defense): १० अङ्क

Janajyoti Multiple Campus RMC Lalbandi, Sarlahi

ख) अन्तिम प्रतिवेदनको मूल्याङ्कन (**Evaluation of Final Report**)

अन्तिम प्रतिवेदन बुझाएपछि ६०% सम्ममा विज्ञ र अनुसन्धान समितिद्वारा निम्नानुसार अङ्कन गरिनेछः

- अध्ययनको निष्कर्ष र गुणस्तरः २० अङ्क
- तथ्याङ्कको विश्लेषण र व्याख्याः १५ अङ्क
- सिफारिस र उपयोगिताः १० अङ्क
- अन्तिम मौखिक प्रस्तुतीकरण (Final Viva): १५ अङ्क

Janajyoti Multiple Campus RMC Lalbandi, Sarlahi

रमेश भट्टराई

संयोजक

अनुसन्धान व्यवस्थापन एकाइ

Co-ordinator RMC